सुदूरपश्चिम प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

धनगढी, कैलाली, नेपाल

**सम्बत् २०८० साल चैत्र १५ गते बसेको सुदूरपश्चिम प्रदेश सरकार, मन्त्रिपरिषद्को १७७ औं वैठकले गरेको निर्णय-**

१। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - प्रदेश निजामती सेवाका एघारौ तहका पदहरुमा जेष्ठता र कार्यसम्पादन मुल्यांकनद्वारा गरिने बढुवाका लागि बढुवा समितिको सिफारिस अनुसार नेपाल वन, जनरल फरेष्ट्री समुह (दशौं तह) का हेमराज विष्ट लगायत विभिन्न सेवा समूहका ३ जना कर्मचारीको बढुवा नियुक्ति तथा पदस्थापन गर्ने।

२। आन्तरिक मामिला तथा कानून मन्त्रालय - वि.सं. २०८१ को लागि प्रदेश सरकारबाट प्रदान गरिने विदा स्वीकृत गर्ने ।

३। आन्तरिक मामिला तथा कानून मन्त्रालय - माननीय प्रदेश सभा सदस्य लक्ष्मण किशोर चौधरीको उपचार खर्च रकम उपलब्ध गराउने ।

४। आन्तरिक मामिला तथा कानून मन्त्रालय - बालकुमारी घटनाका मृतक अछाम जिल्ला निवासी विरेन्द्र बहादुर शाहका परिवारलाई राहत रकम प्रदान गर्ने ।

५। भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय- सुदूरपश्चिम प्रदेश पशु कल्याण सम्बन्धी विधेयकको मस्यौदा तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्ने ।

६। भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय- सुदूरपश्चिम प्रदेश दुग्ध विकास वोर्डको कार्यालय स्थापना तथा दरवन्दी तेरिज स्वीकृत गर्ने ।

७। भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय- सुदूरपश्चिम प्रदेशको मुक्त कमैया, हलिया तथा कम्हलरी पुनःस्थापना कार्यविधि, २०८० स्वीकृत गर्ने ।

८। सामाजिक विकास मन्त्रालय- प्रादेशिक स्वास्थ्य प्रवर्द्धन केन्द्रको लागि आ.व २०८०/८१ को अस्थायी दरवन्दी तेरिज स्वीकृति सहित धनगढीमा कायम हुने गरी मुकाम परिवर्तन गर्ने ।